# शान्त, समृद्ध विकसित नगर निर्माणका लागि आगामि ५ वर्ष भित्र अख्तियार गरिने योजनावद्ध रणनीति विकासको प्रारम्भिक खाँका सहितको सार्वजनिक अवधारणा-पत्र

चन्दननाथ नगरपालिका मौलिक सभ्यता बाकेको भाषिक, साँस्कृतिक, पुरातात्विक, धार्मिक सम्पदाको धरोहरको रुपमा स्थापित एक ऐतिहांसिक नगर हो । यस नगरलाई सुन्दर, शान्त, सभ्य, समृद्ध र विकसित बनाउन यस नगरमा प्रचुर संभावना तथा अवसरहरु देखिन्छन् ।

प्रस्तुत ***नगरस्तरिय योजनावद्ध रणनीतिक विकासको प्रारम्भिक खाँका,*** नगर विकास तथा समृद्धिकालाीग उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्दै आगामि ५ वर्ष भित्र विविध विषयगत क्षेत्रमा हासिल गर्ने सुचक र नतिजाको सार्वजनिक संस्थागत प्रतिवद्धता सहितको सार्वजनिक अवधारणा-पत्र हो ।

विगतमा हामीसँग हाम्रो विकास र समृद्धिकाको योजना बनाउने संवैधानिक स्वयत्तता थिएन, केन्द्रकै योजनाका भरमा वा केन्द्रिय मार्गदर्शक सिद्धान्तका आधारमा योजना निर्माण गर्नुपर्दा हाम्रो आफ्नो मौलिक विशिष्ठता, आवश्यकता र परिवेशलाई ओझेलमा पारेर अगाडि बढ्यौं । जसको दुस्परिणाम स्वरुप बाहुवल र अनेकन अस्पष्टता र कौतुहल सहितको विकास सँस्कृतिले हाम्रो माथिगंल माथि घर बनाएर वस्यो ।

वर्तमान सन्र्दभमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापित भै नेपालको संविधान मार्फत स्थानीय सरकारको अधिकार क्षेत्र तथा संवैधानिक कार्य ढाँचाको प्रारुप तयार भै सकेको छ । नेपालको संविधान को अनुसुची ८ मा स्थानीय सरकारको अधिकारको सूची संवैधानिक रुपमा व्यवस्था भई सकेको अवस्था छ । तसर्थ नागरिकका आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने संवैधानिक दायित्लाई पुरा गर्न चन्दननाथ नगरपालिकाले विषयगत क्षेत्रको योजनवद्ध रणनीतिक प्रारम्भिक खाँका तयार गरि सार्वजनीक प्रतिवद्धता ब्यक्त गरेकोछ ।

योजना विनाको योद्धा, नीति विनाको नेतृत्व र विधि विनाको विचार जति सुकै कुशल र क्षमतावान भए पनि सफलताको गन्तब्यमा पुग्न सक्दैन भन्ने कटु सत्यलाई आत्मसात गर्दै चन्दननाथ नगरपालिकाले योजनवद्ध विकासको समग्र संस्थागत तथा विषयगत ५ बर्षे रणनीतिक योजना मार्फत आफनो गन्तब्यमा सफल अवतरण गर्ने स्पष्ट कार्य दिशा तथा कार्ययोजना निर्माण गर्ने उद्धेश्य राखेको छ ।

आगामि दिनका चुनौतीहरुको सहज समाधानकालनगि राजनीतिक इच्छा शक्ति, सकारात्मक दृष्टिकोण, रणनीतिक योजना तथा कार्य योजना, विकासमा साझा प्रतिवद्धता, ईमान्दारीत जस्ता आधारभुत पक्षहरुको भूमिका महत्वपूर्ण हन्छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

आगामि ५ वर्ष भित्र चन्दनाथ नगरपालिकाले विविध विषयगत क्षेत्रमा Sustainable Development Goals ( SDG), १४ औं त्रीवर्षिय योजना र विभिन्न मौजुदा विषयगत राष्ट्रिय रणनीतिक योजनाले र्निदिष्ट गरेका सूचक (Indicators) हरुका आधारमा चन्दननाथ नगरपालिकाले ५ वर्षे विषयगत रणनीतिक योजनाको खाँकालाई सार्वजनीक प्रतिवद्धता सहित घोषणा गरेको छ ।

**निर्वाचित जनप्रतिनिधिको वहाल पश्चातः हाल सम्मका मुख्य प्रयास र उपलब्धीहरुः**

- ✓ वडा कार्यालयहरुको संचालन भई सेवा प्रवाह वडा स्तरबाट भएको
- ✓ क्षेत्रगत रुपमा नीति तर्जुमा र योजना निमार्णमा सरोकारवाला निकायहरुसंग समन्वयको थालनी
- ✓ विकास साझेदारहरुसंग समन्वय बैठकहरु संचालन
- ✓ निजि क्षेत्रसंग साझेदारीको मोडलको तयारी भई रहेको

- ✓ नेपाल टेलिकमको स्तरबृद्धि गर्न पहल भए स्वरुप नगरको कोर एरियामा वाईफाई जोनको स्थापना कार्यको सुरुवात
- ✓ नेपाल टेलिभिजनको रिपिटर टावर स्थापनाकालागी पहल भई निमार्ण कार्य संचालनमा आएको
- ✓ फोहरमैला व्यवस्थापनका लागी अस्थायी साइड निमार्ण तथा साझेदारीको तयारी
- ✓ सेवा प्रवाहलाई जन मैत्री वनाउन वडा कार्यालयहरुलाई अधिकार प्रत्योजन गर्ने नविन कार्यको थालनी
- ✓ Integrated SMART City Maser Plan तयार गर्ने कार्यको आवस्य पहलको थालनी गरिएको
- ✓ नगर क्षेत्रमा शान्ती तथा सुव्यवस्था कायम गर्न जिल्ला स्थित सुरक्षा निकायको परिचालनको प्रभावकारी थालनि भएको

**चन्दनाथ नगरपालिकाले आगामि ५ वर्षभित्र अख्तियार गरिने मूलभुतः तपसिलमा  मार्गदर्शक सिद्धान्तहरु, नीतिहरु तथा कार्यनीतिहरुका आधारमा कार्यक्रम तथा बजेट तयार गरि कार्यान्यन गर्ने छ ।**

- ➢ चन्दननाथ नगरपालिका अर्न्तगत संचालित विभिन्न विषयगत क्षेत्रहरु शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, बन तथा वातवरण, कृषि तथा पशु विकास, सडक, सिंचाई, भौतिक पूर्वाधार विकास, बैकल्पिक उर्जा तथा जल विधुत्त, पर्यटन, सहरी विकास, फोहरमैला व्यवस्थापन, व्यवस्थित शहरी विकास आदी क्षेत्रहरुको योजनावद्ध विकासका लागि नगर स्तरीय ५ वर्षे रणनीतिक योजना निर्माण गरि, सोही योजनाका आधारमा  कार्यक्रम तथा बजेट तयार गरि कार्यान्यन गर्ने गराउने ।
- ➢ चन्दननाथ नगरपालिका मातहातका विषयगत कार्यालयहरु, वडा कार्यालयहरु, शाखाहरु मार्फत नागरिकलाई चुस्त दूरुस्त, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्ने उच्चतम स्तरको कार्य वातावरण तयार गर्न कानूनतः कार्य अधिकार प्रत्योजित गरि थप जिम्मेवार र जवाफदेही बनाउने कार्यको थालनी भै सकेको अवस्थामा यसलाई थप सुढृढिकरण गर्ने ।
- ➢ नगरको समर्ग विकासकालागि नगर गुरु योजना तयार गरि सोही आधारमा नगर विकासको कार्य प्रारम्भ गर्ने ।
- ➢ व्यवस्थित शहरी विकासकालागी फोहरमैला व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइडको व्यवस्थापन गर्ने ।
- ➢ चन्दननाथ नगरपालिका मार्फत संचालन गरिने १० लाख भन्दा माथिका मझौला तथा ठुला योजनाहरुको उपभोक्ता समितिले विस्तृप्त परियोजना प्रस्तावन (Detail Project Proposal ) पेश गरेपछि मात्र योजनाको संझौता गर्ने नीति अख्तियार गर्ने ।
- ➢ नगरपालिका अर्न्तगत संचालित योजनाहरुको आर्थिक पारदर्शिता तथा जवाफदेहिताको सुनिश्तिताकालागि सार्वजनिक लेखा परिक्षण तथा सार्वजनिक सुवुवाई कार्यक्रम अनिवार्य रुपमा गर्ने नीति अख्तियार गर्ने ।
- ➢ योजनाहरुको गुणस्तरको सुनिश्चितताकालागि बडास्तरमा र नगरपालिकस्तरमा संयुक्त अनुगमन तथा सुपरिवेक्षण संस्थागत संयन्त्रको विकास गर्ने नीति अख्तियार गरिने छ ।
- ➢ नगरपालिकाको सहयोगमा संचालित योजनाहरुको बातावरणिय प्रभावको मुल्याङन गर्न प्रारम्भिक बातावरणिय मूल्याङ्कन गर्ने नीति अख्तियार गर्ने ।
- ➢ लैङ्गिक, फरक क्षमता, जेष्ठ नागरिक, बालबालिका, महिला, दलित, तेश्रो लिङ्गि  तथा समाजका अन्य पिछडिएका समुदायको उच्चतम हितमा नगर स्तरीय नीति, कार्यक्रम तथा योजना निर्माणमा विशेषः कार्यक्रम लागु गर्ने नीति अख्तियार गरिने छ ।

**<u>शिक्षा क्षेत्रका प्रमुख प्राथामिकताहरुः</u>**

नगरपालिका क्षेत्र भित्रका शैक्षिक समस्याहरुको पहिचान, विश्लेषण गरि आवश्यक नीति तयार गरि शिक्षा क्षेत्रका राष्ट्रिय अन्तराष्ट्रिय रणनीति, कार्यनीति, दस्तावेज तथा प्राथामिकताका क्षेत्रहरुका आधारमा शिक्षा क्षेत्रका तपसिलमा उल्लेखित तत्कालिन, मध्यकालिन तथा दिर्धकालिन रणनीतिक तथा कार्यनीति अख्तियार गरिने छ ।

शिक्षा क्षेत्रका दिर्धकालिन रणनीति :

- विषय विषेशज्ञ, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवि आम नागरिकको साझा शिक्षा क्षेत्रको ५ वर्षे दिर्धकालिन रणनीतिक योजना निर्माण गरिने छ ।
- शिक्षा क्षेत्रका सुचकाङ्कहरु जस्तै विधालयमा विधालय उमेरका बालवालिकाको पहुँचको अवश्था, विधार्थी खुद भर्ना दर, औषद भर्ना दर, वाल विकास केन्द्रबाट कक्षा १ मा भर्ना प्रतिशत, विधार्थीको नियमिताको अवस्था, विधालयमा टिकिरहने दर, विधालय छाड्ने दर, सिकाई उपलब्धिको लगायतका सुचकहरुको बर्तमान अवस्थाको आधारभुत सर्वेक्षण गरि ५ वर्ष भित्र शिक्षा क्षेत्रका संपुर्ण सुचकहरुको शत प्रतिशत उपलब्धि हासिल गर्ने महत्वकाँक्षी लक्ष्य लिइएको छ ।
- नगर भित्र रहेको कणाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एम.वि.वि.स पढाई सञ्चान गर्नका लाीग आवश्यक भौतिक तथा अन्य पूर्वाधारहरुको विकास गर्न समन्वय र सहकार्य गरिने छ ।
- जुम्ला बहुमुखि क्याम्पसलाई ५ वर्ष भित्रमा कर्णाली विश्व विधलायका लागि आवश्यक पूर्वाधार विकास गर्न पहल गरिने छ ।
- कर्णाली प्राविधिक शिक्षालयको स्तरउन्नत्ति गरि कृषि, वन विज्ञान, पशु चिकित्सा, स्वास्थ्य तथा ईन्जिनीयरिङ्ग विषयमा हाल प्रविणता प्रमाण पत्र तह सम्मको (मध्यम स्तरिय जनशक्ती) अध्ययन अध्यापन भैरहेकोमा आगामि ५ वर्ष भित्रमा हरेक विषयमा स्नताक तह (उच्च स्तरीय जनशक्ति विकास) संचालनका लाीग आवश्यक पुर्वाधारको विकास गर्ने रणनतिक कार्यको थालनी गरिने छ ।

**शिक्षा क्षेत्रमा अख्तियार गरिने प्रमुख कार्यनीति :**

- आगामि २ वर्ष भित्रमा नगर क्षेत्रमा रहेका विधालयको शिक्षाबाट बञ्चित बालबालिकाहरुको लागत तयार गरि संपुर्ण बालबालिहरुलाई विधालयीय शिक्षाको सुनिश्चिता गरिने छ ।
- नगर क्षेत्रका विधालयमा कम्तिमा महिनामा १ पटक विधालय निरिक्षक र स्रोत व्यक्तिवाट अनुगमन तथा सुपरिवेक्षण गर्ने प्रणालीगत ब्यवस्था गरिने छ ।
- विधालयमा शिक्षकहरु नियमिताका लाीग आवश्यक नीतिगत तथा कार्यगत ब्यवस्था गरिने छ । र त्यसको प्रभाकारि कार्यान्वयकालागि प्रभाकारि अनुगमन संयन्त्रको विकास गरिने छ ।
- शिक्षा क्षेत्रका सरोकारवालहरुसंग नियमति तथा आवधिक वैठक संचालन गरि आवश्यक निर्देशन, नियमन, सहयोग तथा सहजीकरण गरिने छ ।
- गुणस्तरिय शिक्षाको सुनिश्चिताका लाीग आवश्यक भौतिक पुर्वाधार विकास, शिक्षक तालिम, शैक्षिक सामाग्रिहरुको निर्माण तथा विकास गर्नकालागि शिक्षा क्षेत्रको कार्यक्रम तथा बजेटमा एकरुपता ल्याउने तथा अन्य सहयोगी संध संस्था तथा निकायहरुलाई एकद्धार प्रणालीबाट कार्यक्रममा सहयोग गर्न उत्प्रेरणा दिइनेछ ।

## स्वास्थ्य क्षेत्रः

- स्वास्थ्य क्षेत्रको बर्तमान अवश्थाको आधारभूत सर्वेक्षणका आधारमा वर्तमान समस्याहरुको समाधानका लाीग नविनतम रणनीति तथा कार्यनीति तयार गरि तपसिलमा उल्लेखित दिर्धकालन, मध्यकालिन तथा अल्पकालिन प्राथामिकताका क्षेत्रहरु र्निधारण गरिएको छ ।

**दिर्धकालिन रणनीति**

- बर्तमान अवस्थामा रहेको डरलाग्दो मातृ मृत्यृ दर, बाल मृत्यृ दर, उच्च कुपोषणको अवस्थालाई दिर्धकालिन रणनीतिक मार्फत मातृ मृत्यृ तथा बाल मृत्यृ दर लाई ५ वर्ष भित्रमा शुन्यमा झार्ने लक्ष्य रहेको छ ।
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको संस्थागत क्षमतामा अभिवृद्धि गरि कर्णालीको स्वास्थ्य क्षेत्रको एक उत्कृष्ट स्वास्थ्य शैक्षिक संस्थाका रुपमा स्थापित गरिने छ ।
- चन्दननाथ नगरपालिका क्षेत्र भित्रमा सरकारी स्तरका स्वास्थ्य चौकीहरुको स्तरबृद्धि गरिने छ ।

- ➢ नगर वासिहरुलाई आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा, प्रभाकारि रुपमा संचालन गर्नका लागि स्वास्थ्य क्षेत्रमा हाल रहेको स्वास्थ्य कर्मिको स्वास्थ्य संस्थामा कम उपस्थितिलाई शुन्य सहनशिलता (Zero tolerance ) नीतिलाई आत्मसात गरि जनताको आधारभूत स्वास्थ्य सेवा प्राप्तिको नैर्सगिक हकलाई व्यवाहमा लागु गरिने छ ।
- ✓ स्वास्थ्य संस्थाहरुको पुर्वाधारको विकासकालागि प्रमुख प्राथमिकतामा राखिने छ । प्रत्येक स्वास्थ्य चौकिमा सुरक्षित सुत्केरी सेवा प्रदान गर्ने आवश्यक पुर्वाधारको विकास गरिने छ ।
- ✓ अति विपन्न, दलित तथा जेष्ठनागरिकहरुको स्वास्थ्य सेवाको सुनिश्चितताका लागि विषेश: किसिमको नीतिगत व्यवस्था गरिने छ ।

**भौतिक पूर्वाधार**

- ✓ व्यवस्थित शहरीकरणको लागि नगर गुरुयोजना निर्माण हुने ।
- ✓ नगर यातायात गुरुयोजना MTMP निर्माण हुने ।
- ✓ सूचक सहितको नगर प्रोफायल प्रकासन गरिने ।
- ✓ वस्ति विकास योजना तयार गरिने ।
- ✓ व्यवस्थित वडा कार्यालय र नगरपालिका कार्यालय निमार्ण तथा संचालन हुने ।
- ✓ एयरपोर्टमा व्यवस्थित नगर तथा जिल्ला सूचना केन्द्र स्थापना संचालन हुने ।
- ✓ नगर क्षेत्रमा रहेका सडक, सिंचाई, उर्जा लगायतका पूर्वाधार योजनाको प्राथमिकिकरण गरि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरि कार्यान्वय गरिनेछ ।
- ✓ जुम्ला जिल्लामा रहेको उर्जा संकटलाई स्थायी समाधान गर्न नेशनल ग्रिड विस्तारको पहल गरिने छ ।
- ✓ नगर क्षेत्रलाई व्यवस्थित गरि वातावरण मैत्री वनाइनेछ ।

## खानेपानी तथा सरसफाई

- ✓ खानेपानी तथा सरसफाई क्षेत्रको विकासका लागि जनताको स्वाच्छ खानेपानी तथा सरसरफाईको सुनिश्चितताकालागि खानेपानी तथा सरसफाई क्षेत्रको दिर्धालिन रणनीति तयार गरिने छ ।
- ✓ नगर वासिहरुको खानेपानीको सुनिश्चिताकालागि वृहत्तर खानेपानी आयोजना धौलिगाड खानेपानी आयोजना सम्पन्न गर्न आवश्यका पहल गरिने छ ।
- ✓ खानेपानी तथा सरसफाई क्षेत्रमा भएको ढिला सुस्तीलाई चुस्त सेवा प्रवाहका लागि आवश्यका नीतिगत व्यवस्था गरिने छ ।
- ✓ सरसफाईको क्षेत्रमा सुन्दर र हरावरा ( Greenary ) नगर वनाउनकालागि नविन रणनीति सहित post ODF strategy समेत तयार गरि लागु गर्नका लागि आवश्यक नीतिगत, रणनीति तथा कार्यानीति अख्तियार गरिने छ ।

## सडक

- ✓ सडक क्षेत्रको दिगो तथा फराकिलो विकासका लागि नगर स्तरिय सडक गुरुयोजना ( Municipality Transpotation Maser Plan, MTMP ) तयार गरि प्रभावकारि कार्यान्वयनकालागि आवश्यक नीतिगत, कार्यक्रमिक योजना तथा रणनीति अख्तियार गरिने छ ।
- ✓ नगरका प्रत्येक वस्तिमा कम्तिमा एम्वुलेन्स जाने बाटोको नक्साङ्कन गरि, तत् अनुरुप प्राथामिकताका आधारमा क्रमश सडक निर्माण तथा स्तर बृद्धिका कार्यक्रमलाई उपलब्ध स्रोत साधान अनुरुप कार्यान्वयन गरिने छ ।
- ✓ प्रत्येक वस्तिमा कृषि सडकको अवधारणा विकास गरि सिंचाई र सडक तथा विधुत्त क्षेत्रको एकिकृत कार्यान्वयन योजना निर्माण गरि लागु गरिने छ ।
- ✓ जुगाड खोला सरसफाई सप्ताह नगर स्तरवाट गर्ने कार्य प्रारम्भभै सकेकोमा यसको निरन्तरतामा थप कार्यहरुको थालनी गरिने छ ।
- ✓ बजार तथा ढल निकासको दिगो तथा व्यवस्थापनकालागि आवश्यक पुर्वाधारहरुको विकास गरिने छ ।

## सुचना तथा संचार क्षेत्र

- ✓ SMART city को अवधारणालाई मुर्तरुप दिनकालागि Integrated SMART City Maser Plan का प्रारम्भिक अभ्यासहरुमा छलफल गरि Intergrated SMART city Master plan लाई अन्तिम रुप दिन आवस्यक पहल गरिने छ ।
- ✓ बर्तमान अवस्था रहेको telephone तथा internet सेवाको स्तर वृद्धिका लागि र सेवा विस्तार कार्यलाई तिव्र गतिमा लैजानका लागि आवश्यक पहल गरिने छ ।
- ✓ नेपाल टेलिभिजनको प्रसारण सेवालाई स्थापित गर्नका लागि एक चरणमा नेपाल टेलिभिजनका महानिर्देशक संग सहमतिभै सकेको अवश्थामा आवश्यक follow up कार्य गरि कार्यलाई व्यवस्थित तथा पुर्णता दिईने छ ।
- ✓ नगरपालिका तथा वडा कार्यालयहरुलाई IT Friendly वनाई egoverns मा लैजाने कार्यको थालनि गरिनेछ ।
- ✓ एयरपोर्टमा व्यवस्थित नगर तथा जिल्ला सूचना केन्द्र स्थापना संचालन गरिनेछ ।

## कृषि, पशु, पोषण तथा पर्यटन

जुम्ला जिल्लाको आर्थिक समृद्धि तथा विकासको पुर्वाधार कृषि, पर्यटन क्षेत्र भएकाले यस क्षेत्रको विकासका लागि नगरपलिका स्तरमा विशेषः किसिको अध्यनमा आधारित रणनीतिक योजना तयार गरिने छ । साविकको जिल्ला विकास समितिले तयार गरेको आवधिक जिल्ला विकास योजना, १० वर्षे कृषि रणनीति योजना लगायतलाई कार्यान्वयनमा लिइनेछ । साथै प्राथामिकताका आधारमा क्रमशः पुर्वाधारको विकास गरिने छ ।

- ➢ उच्च मुल्यदरका पोषण युक्त व्यवसायीक खेती प्रणालीको पेकेट क्षेत्रको विकास तथा विस्तार गर्ने नीति अख्तियार गरिने छ ।
- ➢ एक घर एक वगैचामा आधारित, कृषि तथा पशुमा आधारित घरेलु, साना तथा ठुला कृषि उघमशिलताको विकास, विस्तार गरि जनताको दिगो आर्थिक विकासका नविन संभावनाहरुको अनुसन्धान तथा अन्वेक्षण गरिने नीति अख्तियार गरिने छ ।
- ➢ समग्र पशु क्षेत्रको विकास गरि पशु जन्य उद्योगको विकासमा जोड दिइने छ ।
- ➢ पर्यटन क्षेत्रको गुरु योजना तयार गर्न कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति जुम्लासंग समन्वय गरिनेछ ।
- ➢ पर्यटन क्षेत्रको विकासका लागि थप गन्तब्यको पहिचान, पूर्वाधार विकास र प्रवर्द्धनात्मक, अनुसन्धानात्क कार्यहरुको थालनी गरिने नीति अख्तियार गरिने छ ।

**क्षमता विकास**

- ✓ समावेशी महिला शसक्तिकरण लगायतको समावेशी शिद्धान्तलाई अवलम्वन गरि सामाजिक विकास गर्दै लगिनेछ ।
- ✓ नगर क्षेत्रमा रहेका सार्वजनिक तथा नीजि क्षेत्र, पत्रकार, खेलकुद लगायतमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको संस्थागत क्षमता विकास गर्न HRD Plan तयार गरि कार्यान्वयनमा लगाइनेछ ।

धन्यवाद ।

**कान्तीका सेजुवाल**
**प्रमुख**
**चन्दननाथ नगरपालिका, जुम्ला**
**२०७४।६।६**

**नगर स्तरीय सूचकमा आधारित विषयगत क्षेत्र अर्न्तगत ५ वर्षे रणनीतिक योजनाको खाँका**

| **विषयगत क्षेत्र** | | **आधार वर्ष २०७४/०७५को अवश्था** | **५ वर्ष पछिको रणनीतिक लक्ष्य** |
|---|---|---|---|
| **शिक्षा क्षेत्र** | पुरुष साक्षरता दर | | |
| | महिला साक्षरता दर | | |
| | आधारभुत तहको खुद भर्ना दर | | |
| | आधारभुत तहको औषत भर्ना दर | | |
| | विधालय छोड्ने दर | | |
| | प्राथमिक शिक्षा पुरा गर्ने दर | | |
| | माध्यमिक शिक्षा उतिर्ण दर | | |
| | विधालय टिकिरहने दर | | |
| | ECD वाट कक्षा १ मा भर्ना प्रतिशत | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| ्स्वास्थ्य क्षेत्र | मातृ मृत्यु दर | | |
| | बाल मृत्यु दर | | |
| | ANC checkup Rate | | |
| | PNC checkup Rate | | |
| | कुपोषित बालबालिकाहरको दर | | |
| | Stunting Rate - पुट्को पन दर | | |
| | Wasting Rate | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| खानेपानी तथा सरसफाई क्षेत्र | शद्ध खानेपानी पिउने दर | | |
| | घरमा खानेपानीको उपलब्धता दर | | |
| | घरवाट आधा धण्टाको दुरीमा खानेपानीको पहुँचको उलब्धताको दर | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| बन तथा वातावरण क्षेत्र | सामुदायिक वन उपभाक्ता समितिको संख्या | | |
| | नगर क्षेत्रमा बनले ओगटेको क्षेत्रफल | | |
| | | | |
| | | | |
| सडक क्षेत्र | रणनीतिक सडकको क्षेत्रफल | | |
| | पक्कि सडक | | |
| | कच्चि सडक | | |

| | | | |
|---|---|---|---|
| | कृषि सडक | | |
| **सिंचाई क्षेत्र** | नगर क्षेत्रमा  सिंचित क्षेत्र | | |
| | उत्पादकत्व दर | | |
| | ठूला सिंचाई आयोजना संख्या | | |
| | मझौला तथा साना सिंचाई आयोजना संख्या | | |
| | | | |
| | | | |
| | | | |
| **पर्यटन विकास क्षेत्र** | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| **कृषि तथा पोषण क्षेत्र** | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| **पूर्वाधार विकास क्षेत्र** | | | |
| | | | |
| | | | |
| | | | |
| **आर्थिक विकास क्षेत्र** | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |